स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



१५ जनवरीको फेसबुक पोस्टमा गायक तथा अभिनेता प्रकाश सपुतले लेखेका थिए-'सम्भवत: यो वर्षका लागि यति नै। बरु त्यसपछि आउने समय (१२ देखि २१) को यात्रा फरक भूमिका र जिम्मेवारीको यात्रा हुनसक्छ।' राष्ट्रिय स्वतन्त्र पार्टीबाट हुने राजनीतिक करिअरतर्फ संकेत गरेका हुन्। समानुपातिक सांसदको रुपमा उनी छनोट हुन्छन् या हुँदैनन्, यो कुरा भने निर्वाचन आयोगले सार्वजनिक गरिसकेको छैन।

**आजको विचार...**



निर्वाचन... (दुई पेजमा)

कपिल लोहनी



प्रतिनिधिसभा चुनाव लडेकी अभिनेत्री निशा अधिकारीले चुनाव खर्च र आम्दानी विवरण सार्वजनिक गरेकी छन्। जिल्ला निर्वाचन कार्यालयमा उनले पेश गरेको विवरणमा उनको चुनाव खर्च ७ लाख ७६ हजार ९२१ रुपैयाँ भएको उल्लेख छ। सबैभन्दा धेरै सामाजिक संजालको विज्ञापन र डिजाइनमा भएको देखिन्छ, जहाँ उनले २ लाख ५० हजार रुपैयाँ खर्चिएकी छन्। यातायातसहितका शीर्षकमा १ लाख २९ हजार ७०७ रुपैयाँ खर्च भएको देखिन्छ।

❐ वर्ष ३१ ❐ अंक २२६ ❐ २०८२ चैत १ गते आइतबार 15 March 2026, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# बजारमा ग्यास अभाव आयात भने नियमित

रासस

**सिद्धार्थनगर (भैरहवा),** फागुन ३०/ भैरहवा क्षेत्रका बजारमा एलपी ग्यासको अभाव देखिएको भन्दै उपभोक्ताले चिन्ता व्यक्त गरेका छन् । ग्यास आयातमा कमी नभएको जनाइए पनि बजारमा भने उपभोक्ताले सहज रूपमा ग्यास पाउन नसकेको बताएका छन् ।

स्थानीय उपभोक्ताहरूका अनुसार एउटा ग्यास सिलिण्डरका लागि दिनभरि पसल-पसल धाउनुपर्ने अवस्था सिर्जना भएको छ । ग्यास विक्रेताले समेत मौज्दात सकिएको भन्दै उपभोक्तालाई फर्काइदिने गरेको उनीहरूको भनाइ छ । ग्यास विक्रेताको ग्यास सिलिण्डरको लामो लाइन लागेको छ । लामो समयसम्म पालो कुर्दा पनि खाना पकाउने एलपी ग्यास पाउन नसकेको स्थानीय प्रदीप ज्ञवालीले बताए । नियमित भान्छा चलाउन पनि ग्यास नपाउने अवस्था आउँदा दैनिक जीवन कष्टकर हुँदै गएको उनको भनाइ छ । ग्यास विक्रेताले पनि कम्पनीबाट पर्याप्त ग्यास उपलब्ध नगराउँदा अभाव देखिएको बताएका




छन् । मागअनुसारको आपूर्ति नहुँदा उपभोक्तालाई उपलब्ध गराउन नसकिएको उनीहरूको भनाइ छ । यद्यपि भैरहवा भन्सार कार्यालयका अनुसार भने ग्यास आयात नियमित रूपमा भइरहेको छ । भैरहवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत हरिहर पौडेलका अनुसार केही दिन निर्वाचनका कारण आयातमा सामान्य समस्या देखिए पनि अहिले अवस्था सामान्य भइसकेको छ । दैनिक रूपमा ग्यास बोकेका बुलेट ट्याङ्कर नाकाबाट नेपाल भित्रिने क्रम जारी रहेको जनाइएको छ । स्थानीय ग्यास विक्रेताका अनुसार पछिल्लो समय उपभोक्ताले सम्भावित अभावको आशङ्कामा आवश्यकभन्दा बढी ग्यास मौज्दात राख्न थालेपछि बजारमा अभाव देखिएको हो । पहिले दैनिक सीमित सङ्ख्यामा बिक्री हुने ग्यास सिलिण्डर अहिले केही घण्टामै सकिने गरेको बताइएको छ । सिमावर्ती क्षेत्रमा भने नेपालबाट भारततर्फ ग्यास सिलिण्डर लैजाने प्रयाससमेत बढेको पाइएको छ । भारतीय बजारमा ग्यासको मूल्य बढी हुनुका साथै अभाव देखिएकाले सीमावर्ती क्षेत्रका नेपालबाट ग्यासका सिलिण्डर भारततर्फ तस्करी भइरहेको सीमा क्षेत्रका बासिन्दाले बताउने गरेका छन् । जिल्ला प्रहरी कार्यालय रूपन्देहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दले सीमाबाट ग्यासको अवैध ओसारपसार हुन सक्ने सम्भावनालाई ध्यानमा राखेर निगरानी कडा पारिएको जानकारी दिए। उनका अनुसार सीमावर्ती क्षेत्रमा जाँचलाई कडाइ गरिएको छ । यसैबीच, सीमावर्ती इलाका प्रहरी कार्यालय बेलहियाले भारततर्फ लैजाँदै गरेको र भारतबाट नेपालतर्फ ल्याइँदै गरेको गरी केही ग्यास सिलिण्डर नियन्त्रणमा लिएको जनाएको छ । प्रहरीले सीमामा निगरानी बढाइएको र अवैध ओसारपसार रोक्न आवश्यक कदम चालिएको बताएको छ ।

## संक्षिप्त समाचार

### इन्धन विमान दुर्घटना हुँदा ६ को मृत्यु

(रासस/एपी)

**वाशिङ्गटन,** फागुन ३०/इरानसँगको सैन्य अभियानको क्रममा इराकको पश्चिम क्षेत्रमा अमेरिकी इन्धन विमान 'केसी-१३५' दुर्घटनाग्रस्त हुँदा त्यसमा सवार सबै ६ चालक दलका सदस्यको मृत्यु भएको अमेरिकी सेनाले शुक्रबार पुष्टि गरेको छ । अमेरिकी सेनाको मध्यपूर्व क्षेत्र जिम्मेवारी लिने सेनाले अनुसार, दुर्घटना 'मैत्रीपूर्ण हवाई क्षेत्र' मा दुई विमानको संलग्नताको क्रममा भएको थियो र अर्को विमान सुरक्षित अवतरणमा सफल भएको छ । ओहायो राज्यका गभर्नर माइक डेवाईनले सामाजिक सञ्जालमा दुर्घटनामा परेका ६ मध्ये ३ चालक दलका सदस्य ओहायो हवाई राष्ट्रिय गार्डको १२१औं एयर रिफ्यूलिङ विङ्गमा कार्यरत रहेका जानकारी दिए । उनले परिवारप्रति शोक व्यक्त गर्दै उनीहरूको नाम खुलाइएको छैन । यो दुर्घटनाले सेनामा मृत्यु हुने सङ्ख्या कम्तिमा १३ पुगेको छ, जसमा सात जना युद्धमा मारिएका छन् र करिब १४० जना घाइते भएका छन् । केसी-१३५ स्ट्राटोट्याङ्कर विमानले अन्य विमानलाई हवाईबाट इन्धन आपूर्ति गर्ने काम गर्छ, जसले लामो दूरीको मिशन पूरा गर्न मद्दत गर्छ । साथै यसलाई घाइते सैनिकको आपतकालीन निकासी र निगरानी अभियानमा पनि प्रयोग गरिन्छ । यो विमान १९६० दशकको डिजाइनमा आधारित छ र क्रमिक रूपमा नयाँ विमानले प्रतिस्थापन हुँदैछ ।

**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं।**

-सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौं,
-विविधतामा एकताको भावना विकास गरौं,
-जातीय, धार्मिक तथा क्षेत्रीय विभेद त्यागौं,
-चाडपर्व र उत्सवहरू मिलेर मनाऔं,
-घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
-संवाद, सहकार्य बढाऔं,
-आपसी समझदारी कायम गरौं,
-शान्ति, सहिष्णुता र भाइचाराको संस्कृति प्रवर्द्धन गरौं।
विविधतामा एकता, सद्भाव र सहिष्णुता ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## गुल्मीमा नयाँभन्दा प्रतिलिपि नागरिकता लिने बढी

**तम्घास (गुल्मी),** फागुन ३०/गुल्मीमा नयाँभन्दा प्रतिलिपि नागरिकता लिने बढी भएको पाइएको छ । जिल्ला प्रशासन कार्यालय गुल्मीका सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद गैरेका अनुसार गत आइतबारदेखि शुक्रबारसम्म जिल्ला प्रशासन कार्यालयबाट ९८ जनाले नयाँ नागरिकता बनाउँदा १११ जनाले प्रतिलिपि बनाएका छन् ।

नागरिकताको माया नगर्ने जथाभावी फ्याक्ने भएका कारण पनि प्रतिलिपि लिनेको सङ्ख्यामा वृद्धि भएको हुन सक्ने गैरेले बताए । यस्तै राष्ट्रिय परिचयपत्र बनाउँदा र बैंकमा खाता खोल्दा पहिले भएका केही कमीकमजोरीहरु फेला पर्ने भएकाले पनि प्रतिलिपि लिनेको सङ्ख्यामा वृद्धि भएको हो । सोही समय अवधिमा १० जनाको नाबालक परिचय पत्र, राहदानीको आवेदन




सङ्कलन १६३, राहदानी वितरण ११०, राष्ट्रिय परिचयपत्रको आवेदन सङ्कलन २६२, राष्ट्रिय परिचयपत्र वितरण ३१२, दलित, जनजाती, पारिवारिक विवरण तथा अन्य प्रमाणित २४ र दुई संस्था नविकरण भएको छ । एक हप्ताको समय अवधिमा राहदानीबाट आठ लाख ४० हजार, संस्था दर्ता तथा नविकरणबाट दुई हजार २५५, राष्ट्रिय परिचयपत्रबाट १५ हजार र राष्ट्रिय परिचयपत्रबाट १२ हजार गरी कुल आठ लाख ५३ हजार पाँच सय रुपियाँ राजस्व सङ्कलन भएको हो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## कृषि उत्पादन : रणनीतिक योजना

नेपाल कृषिप्रधान देशका रूपमा चिनिए पनि कृषि उत्पादन अझै पनि अपेक्षाकृत सन्तोषजनक हुन सकेको छैन । ठूलो जनसंख्या कृषिमा निर्भर हुँदाहुँदै पनि खाद्यान्न आयात बढ्दै जानु चिन्ताको विषय बनेको छ । यसले कृषि क्षेत्रलाई आधुनिक र योजनाबद्ध ढंगले अघि बढाउन आवश्यक रणनीतिक सोचको खाँचो रहेको स्पष्ट देखाउँछ । सबैभन्दा पहिले कृषि क्षेत्रलाई परम्परागत शैलीबाट आधुनिक प्रविधिमा रूपान्तरण गर्नुपर्छ । अझै पनि धेरै किसान परम्परागत औजार र पुराना प्रविधिमा निर्भर छन् । आधुनिक कृषि उपकरण, उन्नत बीउ, वैज्ञानिक मल प्रयोग र सिंचाइ प्रणाली विस्तार गर्न सके उत्पादनमा उल्लेखनीय वृद्धि सम्भव हुन्छ । यसका लागि राज्यले किसानलाई प्रविधिमा पहुँच र तालिम उपलब्ध गराउनु आवश्यक छ ।

कृषि उत्पादनलाई बजारसँग जोड्ने प्रभावकारी प्रणाली विकास गर्नुपर्छ । धेरै ठाउँमा किसानले उत्पादन त गर्छन्, तर उचित बजार र मूल्य नपाउँदा निराश हुन्छन् । त्यसैले भण्डारण, प्रशोधन र बजार व्यवस्थापनलाई सुदृढ बनाउनु जरुरी छ । सहकारी र कृषि समूहमार्फत किसानलाई संगठित गरेर उत्पादन र बजार दुवैलाई व्यवस्थित गर्न सकिन्छ ।

स्थानीय स्तरको सम्भावनाअनुसार विशेष उत्पादनमा केन्द्रित हुनुपर्छ । नेपालका विभिन्न भौगोलिक क्षेत्रहरूमा फरक-फरक बाली र उत्पादनको सम्भावना छ । त्यसैले स्थानीय स्तरमा उपयुक्त बालीको पहिचान गरी व्यावसायिक उत्पादन बढाउनु आवश्यक छ । कृषि नेपालको अर्थतन्त्रको आधार हो । यसलाई सुदृढ बनाउन स्पष्ट योजना, आधुनिक प्रविधि र बजारमुखी दृष्टिकोण आवश्यक छ । यदि राज्य, निजी क्षेत्र र किसानबीच समन्वय गरेर दीर्घकालीन रणनीति लागू गर्न सकियो भने नेपाल कृषि उत्पादनमा आत्मनिर्भर मात्र होइन, निर्यातमुखी देश बन्ने सम्भावना पनि बलियो बन्न सक्छ । युवा जनशक्तिलाई कृषिमा आकर्षित गर्ने नीति आवश्यक छ । पछिल्ला वर्षहरूमा वैदेशिक रोजगारीको आकर्षणले गाउँका युवाहरू कृषि छाडेर विदेश गइरहेका छन् । यदि कृषि क्षेत्रमा लगानी, प्रविधि र नाफाको सम्भावना देखाउन सकियो भने युवा शक्ति पुन: कृषितर्फ फर्कन सक्छ । आधुनिक कृषि उद्यम, कृषि पर्यटन र मूल्य अभिवृद्धि गर्ने उद्योगमार्फत यसलाई सम्भव बनाउन सकिन्छ ।

## Opinion @ Social Network

आफ्नो यात्रामा अघि बढ्न आफै बलियो हुनुपर्छ
हर-एकको साथ गन्तव्य सम्म असम्भव छ ।
*(मनिषा आलेको फेसबुक स्टाटसबाट www.facebook.com/Manisha.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# निर्वाचन २०८२ पछिको संसद र सरकारको दायित्व



## कपिल लोहनी

गत भाद्र २३ र २४ गतेको जेनजी आन्दोलनपछि नेपालमा नियमित आमनिर्वाचन अगावै मध्यावधि निर्वाचन निम्तिन पुग्यो । नयाँ पिँढीका नेताले मुलुकको सत्ता सम्हाल्नु पर्ने र भ्रष्टाचार तथा पुरातन सोचलाई मुलुकबाट हटाउने दर्शनका साथ आयोजित यो मध्यावधि निर्वाचनले पुराना दल तथा नेताहरू बारे मुलुकभरका जनताको धारणा कस्तो रहेछ भन्ने कुरालाई प्रष्ट पारिदिएको छ । अधिकांश पुराना अनुहारहरूले यसपालीको चुनावमा उम्मेदवारी दिने आँट गर्न नसकेकोमा अझै कतिपयले भने भाग लिएका थिए । तर ती सबैजसाले निकै नराम्रो पराजय भोग्नु पर्‍यो । चुनावमा उम्मेदवारी दिएका पूर्व प्रधानमन्त्रीहरू मध्ये पुष्पकमल दाहाल प्रचण्ड मात्र विजयी भए भने अन्य दुईले लज्जास्पद हार व्यहोर्नु पर्‍यो । पुराना दलका अध्यक्षहरू केपीशर्मा ओली, गगन थापा र राजेन्द्र लिङ्देनले ठूलो हार व्यहोर्नु पर्‍यो । त्यस्तै अधिकांश कम्युनिष्ट, कांग्रेस र राजावादी दलका नेताहरूले राष्ट्रिय स्वतन्त्र पार्टीका युवा उम्मेदवारहरूसँग नराम्ररी हार खानु पर्‍यो । प्रतिनिधि सभाका पूर्वसभामुख देवराज घिमिरे आफू सभामुख छँदा उपसभामुख रहेकी इन्दिरा रानामगरसँग ठूलो मतान्तरले पराजित हुन पुगे । आफ्नो सिंहदरवारस्थित कार्यकक्षमा मसँगको एक भेटमा इन्दिरा रानामगरले आफू अनुभवी राजनीतिज्ञ नभए पनि यति ठूलो ओहदा सम्हाल्ने मौका मिलेको र आफूले सकेसम्म काम गरिरहेको र संसदीय प्रक्रियालाई बुझ्ने प्रयत्न गरिरहेको तर समामुखले थपनाको उपसभामुख बनाएर राखेको र निकै षडयन्त्रपूर्वक निचा सावित गर्न खोजेको तथा संसद सचिवालयका कतिपय उच्च कर्मचारीहरूले पनि उनैको निर्देशनमा आफूलाई नटेर्ने गरेको कुरा बताएकी थिइन् । कार्यावधि बाँकी रहेको बेलामा पनि कुर्सी छाडेर चुनावमा होमिएका चार जना चर्चित मेयर मध्ये बालेन्द्र शाह र हर्क साम्पाङले मात्र सानदार बाजी मार्न सके । केही वर्ष अघि मात्र स्थापना भएको र गत आमनिर्वाचमा प्रथम पटक भाग लिएको राष्ट्रिय स्वतन्त्र पार्टीमा हालै यसका संस्थापक अध्यक्ष रवि लामिछानेलगायत बालेन शाह र अन्य धेरै जागरुक युवाहरूको सक्रिय संलग्नता पश्चात् आमनिर्वाचनमा जाँदा यो दलले ठूलो उपलब्धि हासिल गरेर करिव करिव दुईतिहाइको बहुमतको नजिक पुगेर संसदको विशाल दल बन्नुका साथै सरकार बनाउने सौभाग्य प्राप्त गर्‍यो । तर विगतमा ठूला दलको रूपमा प्रथम जनआन्दोलन पछिदेखि आजसम्म मुलुक हाँकेका दलहरूको कद घटेर आज ज्यादै सानो हुन पुग्यो । नेपालमा आजसम्म सात चोटी संबिधान निर्माण भइसकेको छ । तर केही वर्षमा नै त्यसलाई तुहाउने र पुन: संघर्ष र आन्दोलन मार्फत् नयाँ संविधान र व्यवस्थाको माग र सिर्जना गर्ने होड नै चल्ने गरेको छ । प्रजातन्त्रमा भर्खर पाइला चालेका मुलुकले नेपालका यी सात वटा संबिधानको अध्ययन गरेर नै तत्काल एक उत्कृष्ठ संविधान बनाउन सक्छन् । निकै सोच तथा अध्ययन पश्चात् बनेका यी संविधानमा केही समसामयिक त्रुटी अवश्य होलान् तर त्यस्ता त्रुटीलाई संविधान संशोधन गरेर सच्याउनु पर्नेमा पटक पटक संविधान तुह्याउने र पुन: नयाँ संविधान लेख्ने जस्ता बकम्फुसे चालहरू नेपालका दल तथा नेताहरूले चालिरहेका छन् । सन् १९४७ मा स्वतन्त्रता प्राप्त गरेको भारतमा त्यतिबेलादेखि आजसम्म उही संविधानले काम गरिरहेको छ र त्यसमा समयसापेक्ष सम्शोधन मात्र हुने गरेको छ । सन् २०१५ मा भारतको संसदले सो संविधानको सयौं संशोधन गरेको थियो । हामीले भारत जस्तो खारिएको प्रजातान्त्रिक मुलुकका यस्ता राम्रा कुराहरू अवलम्बन गर्ने चेष्टा गर्दैनौं तर विहार र युपीका तल्लो स्तरका राजनीतिक षडयन्त्र र क्रियाकलापलाई ठूलो पाठका रूपमा पछ्याउने गर्दछौं । आमनिर्वाचनबाट बनेको संसदमा बहुमत प्राप्त गरेर सरकार बनेको छोटो समयसम्म पनि सरकार टिकाउन नसक्ने, प्रधानमन्त्री र मन्त्री बन्ने होड र आफ्ना मान्छे भर्ती गर्ने र भ्रष्टाचार गरेर अकुत धन सञ्चय गर्ने होडमा लाग्नको निम्ति आफ्नै दलभित्र आपसी द्वन्द्व निम्त्याएर झमेला मच्चाउने र दल टुक्राउने, दलका वरिष्ठ नेताहरूमा राजनीतिक दूरदर्शिताको कमीका कारण गलत निर्णय र बाटो पक्रने, मुलुकमा सधैं राजनीतिक अस्थिरता निम्त्याइरहने, सत्तामा हुने दलले अन्य दलको कदर नगर्ने, सत्ताको मातमा नातावाद, कृपावाद, परिवारवादमा रुमल्लिने, खुलेआम भ्रष्टाचार र अनियमिततामा लाग्ने, मुलुकको हितमा भन्दा विदेशीको इशारामा चल्ने र वेरोजगारी र मुलुकभित्रको उत्पादनको बजार सुनिश्चित गर्न नसकेर युवा तथा अन्य उमेरका मानिसहरूलाई विदेश पलायन हुन वाध्य बनाउने जस्ता कुकृत्यमा नै विगत चार दशक खर्चिए हाम्रा दल र नेताहरूले । झनै पछिल्लो समयमा त ठूला दलहरूले आपसी गठबन्धन बनाएर सत्ता र कुर्सी समेत बाँडचुँड गरेर चलाउने घृणित कार्यको थालनी गरेका थिए भने नेपालका आमसञ्चारका मिडियासमेत दलहरूको पैसामा बिकेका थिए । विगत ४० वर्षमा नेपालका त्यागी, क्रान्तिकारी र विद्वान भनिएका अधिकांश नेता तथा उनका परिवारका सदस्यहरू ठूला ठेकेदार, होटल र पर्यटन व्यवसायी, उद्योगी, शिक्षण र स्वास्थ्य संस्थाका मालिक, बैंक वित्तिय संस्थाका प्रवर्धक, शेयरका ठूला खेलाडी, रियलस्टेटका टाइकुन, यातायात, सञ्चार, पत्रपत्रिका र रेडियो-टेलिभिजन स्टेशनका मालिक र अन्य सबै फाइदाजनक व्यवसायका हर्ताकर्ता हुन पुगेका छन् । नेपालमा दण्डहिनता, सबै क्षेत्रमा अपारदर्शीता र खुलेआम भ्रष्टाचार र काण्डहरूको मञ्चन हुने र चरम गैरजिम्मेवारीले गर्दा लगभग सबै क्षेत्र र प्रशासन तथा सरकारी संयन्त्र नराम्ररी बिग्रन पुगेका छन् । चरम वेरोजगारीका कारण खासगरी तीन दशक अघिदेखि नेपालीहरू विदेशिन वाध्य भए । धन हुनेले आफ्ना बालबच्चालाई विदेशमा अध्ययनको निम्ति सहजै पठाउने गरेका छन् भने धन कम भएकाले खेत, घर र अन्य जायजेथा बेचेर वा ऋण लिएर भए पनि विदेशमा अध्ययनको निम्ति पठाएका छन् । यो सब छोराछोरीले पढेर मुलुकमा फर्केलान् र यहीं इलम गर्लान् भनेर होइन कि अध्ययन पश्चात् उतै बसोवास गरुन् भनेर नै पठाउने गरेका हुन् । यसो हुनुमा नेपालमा ठूलाबडा र नेताका छोराछोरीले मात्र रोजगारी र उद्यमको अवसर पाउने भएकोले नै हो । अझ नेता तथा भ्रष्ट प्रशासकका छोराछोरीले त बाबुआमाले भ्रष्टाचार र अनियमितताबाट कमाएको अकुत सम्पत्ति हुण्डी र अन्य माध्यमबाट विदेशमा पठाएर उतै कलेज, विश्वविद्यालय र अन्य फाइदाजनक इलम गरेर बस्ने गरेका छन् । त्यसमाथि नेपालका दल र नेताहरूले विदेशमा बस्ने नेपालीहरूलाई विभाजित गर्ने र आआफ्ना दलका सदस्य बनाएर र विभिन्न प्रलोभन दिलाएर उनिहरूले दुखले कमाएको ठूलो धनराशी दोहन गर्ने गरेका छन् । आज नेपालका युवाहरू निकै शिक्षित र जागरुक हुँदै गएका छन् भने विज्ञान तथा प्रविधिले ठूलो फड्को मारेकोले ज्ञान र सूचनाको पहुँच उनिहरूमा अति धेरै छ । गुरु थापेरै मात्र शिक्षा, ज्ञान र अनुभव प्राप्त गर्नु पर्ने जमाना छैन अहिले । मानिसले चाहेमा यी सब कुरामा पारङ्गत हुन कुनै कुराले छेक्न सक्दैन र छेक्न खोजे उनीहरूको रगतमा तत्काल विद्रोहको भावना दौडन थालिहाल्छ । त्यसैले यस्ता नयाँ तथा हाइब्रिड युवा पुस्तालाई बुझ्न नसक्ने र उनिहरूको भावनालाई ठेस पुर्‍याउने सरकार, नेता वा रोजगारदाता र अभिभावकले समेत उनिहरूको घृणा र असहयोग तथा दवाव र आन्दोलनलाई सहनु पर्ने हुन्छ । आज विश्वका धेरै मुलुकहरूमा सरकारहरूले जनताको उपेक्षा गरेको र अस्तव्यस्ततापूर्ण वातावरणको सिर्जना गरेकोले जेनजी आन्दोलन चर्किरहेको र सरकार तासको घर ढलेझैं ढलेको पाइन्छ । नेपालका जनताले सरकार, दल र नेताहरूलाई पछिल्ला विभिन्न समयमा प्रत्यक्ष वा अप्रत्यक्ष तवरले सचेत गराउन खोजेकै हुन् । गत स्थानीय निर्वाचनमा धरान, काठमाडौं, धनगढी जस्ता नगरपालिकाहरूमा मेयर पदमा स्वतन्त्र उम्मेदवारहरूले जिते पछि पनि पुराना राजनीतिक दलहरूको चेत खुल्न सकेन । हालको भन्दा पहिले भएको आमनिर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी एक बिल्कुलै नयाँ दलको रूपमा उभिएर चुनाव लड्दा संसदको धेरै सिट जित्न र उपप्रधानमन्त्रीको पद भेट्टाउन समेत सफल भएको थियो । गत २०८१ साल चैत्रमा काठमाडौंको तीनकुनेमा आयोजना भएको राजावादीहरूको शान्त भेलामा ओली सरकारले अन्धाधुन्ध गोली चलाएर पत्रकार र अन्य केही मान्छेको ज्यान समेत गयो । अनि भाद्र २३ गते भन्दा केही दिन अगाडि आजका युवा र सबै थरी नागरिकलाई नभइ नहुने डिजिटल प्लेटफार्म र सामाजिक सञ्जाललाई बन्द गरेर नेताहरूले जथाभावी अभिव्यक्ति दिन थालेपछि त्यो दिन स्कूले विद्यार्थीदेखि अन्य जेनजी उमेर समूहका युवाहरूले आयोजना गरेको विरोध सभामा झनै कडाइका साथ गोली बर्साएर दर्जनौं युवाको ज्यान लिए पश्चात् भने यो सरकार मात्र होइन, सत्ता नै परिवर्तन गर्ने गरी अन्य धेरै समूहको घुसपैठ सहित ठूलो धनजनको क्षतिका साथ एक प्रकारको क्रान्ति नै भयो नेपालमा र सरकार, प्रशासन, सुरक्षा संयन्त्र सबै धरासायी हुन पुगे । नेपालमा विगत ७० वर्षमा विभिन्न प्रकारका सरकारको काम हामीले देखिसकेका छौं तर पनि सधैं नै जनता निराश हुनु परेको अवस्था छ । त्यसैले अब बन्ने सरकारले अरु भन्दा फरक तथा असल काम गरेर मुलुकलाई अगाडी बढ्ने वातावरणको सिर्जना गर्न सक्यो भने जनतामा हौसला बढ्ने छ । तर यो सरकार र विशाल बहुमतप्राप्त दलले पनि पहिलेका दललाई नै पछ्यायो वा हुन नहुने कार्यहरू गर्‍यो भने यो मुलुकको त्यो भन्दा दुर्भाग्य केही हुने छैन र जनताका सबै आशा र विश्वास मरेर जानेछन् । नयाँ दल र सरकारले दम्भलाई पुरै त्याग्नु पर्दछ । विशाल बहुमत पाउँदा धेरै मुलुकका राजनीतिक दलहरूमा एक प्रकारको नचाहिँदो उन्माद पैदा भएर पछि उनिहरूको पतन भएको घटना हामीले धेरै देखेका र सुनेका अनि पढेका छौं । सत्तामा पुगेको केही समयमा नै मतान्तर भएर दलभित्र झगडाको वातावरण बन्न पनि सक्दछ । यसरी दलभित्रै झगडा र विवाद उत्पन्न गर्न मुलुकभित्रका अन्य दल, सरोकारवाला र विदेशी शक्ति पनि सक्रिय हुन सक्ने सम्भावना हुन्छ ।

निर्वाचनमा पराजित भएका दलहरूको समेत कदर गरेर अघि बढ्नु पर्दछ । नेपाल दुई विशाल राष्ट्रहरूको बीचमा अवस्थित भएको र यसमा यी दुवै राष्ट्र र पश्चिमा राष्ट्रहरूको समेत शुक्ष्म दृष्टि पुगिरहेकोले भूराजनीतिक समस्यामा जकडिने सम्भावना प्रवल छ। यस्तो अवस्थामा कुनै पनि मुलुकलाई नचिडाएर गर्न हुने र नहुने कामहरू बारे सकारात्मक तवरले लेखाजोखा गरेर ज्यादै कुटनीतिक चतुर्‍याईंका साथ सबै मित्र राष्ट्रहरूसँगको सम्बन्धलाई मधुर राख्न सक्नु पर्नेछ । निकै जोशका साथ नयाँ दल बनाएका, निर्वाचनमा उत्रिएका र नेपाली जनताले ज्यादै विश्वास गरेर निर्वाचित गराएका नयाँ पिँढीका जोशिला नेताहरूले असल काम गर्छौं र देश र जनताको हितमा काम गर्छौं भन्ने भावनाका साथ सबै सँग हातेमालो गरेर काम गर्ने हो भने नेपाल साँच्चिनै समृद्ध मुलुक हुन सक्ने छ। यसो हुन नसकेमा भने नेपाल भन्ने देश एक असफल राष्ट्र वा इतिहासमा मात्र सिमित हुन बेर छैन । नयाँ नेतृत्वले आफैं सोचोस् कस्तो नेपाल बनाइदिने भन्ने बारे । ***-डिसी नेपाल डटकम***

## महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल ११५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आर्थिक पक्षमा सुधारका संकेत छन्। परिवारसँग समय बिताउने अवसर मिल्नेछ। | **तुला** : वाद विवादबाट टाढा रहनु नै राम्रो हुनेछ । यात्रा लाभदायी रहनेछ। |
| **वृष** : समस्याको समाधान हुनेछ। पढाइमा नयाँ सिप सिक्नको लागि परिश्रम गर्नुपर्ला। | **वृश्चिक** : बोलि प्रभावशाली रहनेछ। बौद्धिक क्षेत्रमा विकास हुनेछ। |
| **मिथुन** : करियरमा प्रगतिका संकेत देखिनेछन्। नयाँ कामको अवसर आउनेछ। | **धनु** : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। सफलताले हौसला मिल्नेछ। |
| **कर्कट** : मेहनतले प्रतिद्वन्दीहरू हार खानेछन्। वित्तीय क्षेत्रमा सफलता मिल्नेछ। | **मकर** : स्वाभिमानको रक्षाको लागि संघर्ष गर्नुपर्ला। नयाँ लगानी लगाउनुपर्ने हुन सक्छ। |
| **सिंह** : रचनात्मक कार्यतर्फ रुचि बढ्नेछ। विद्यार्थीहरूको पठनपाठनमा मन लाग्नेछ। | **कुम्भ** : प्रेम र मित्रताको बन्धन कसिनेछ। घुमफिर एवं मनोरञ्जनमा समय बित्नेछ। |
| **कन्या** : स्वास्थ्य ध्यान दिनु आवश्यक रहेको छ। व्यक्तिहरूसँग सम्पर्क बढ्नेछ। | **मीन** : दोहोर्याएर प्रयत्न गर्दा सफलता मिल्नेछ। आम्दानीका नयाँ स्रोतहरू फेला पर्नेछन्। |

## कृषि

# मधेसमा आँप उत्पादन बढ्ने सङ्केत



मधेस प्रदेशका विभिन्न जिल्लामा यस वर्ष आँप उत्पादन बढ्ने सम्भावना देखिएको छ । फागुन महिना सुरु भएसँगै आँपका रूखमा ढकमक्क फूल लागेका कारण उत्पादन बढ्ने अनुमान गरिएको कृषि ज्ञान केन्द्र धनुषाका प्रमुख डा. रामचन्द्र यादवले बताए । उनका अनुसार धान उत्पादनमा केही कमी आए पनि यसपालि आँप खेतीले किसानलाई राम्रो आम्दानी दिलाउने अपेक्षा गरिएको छ । विशेषगरी धनुषा, सिराहा, सप्तरीलगायतका जिल्ला आँप खेतीका लागि प्रख्यात मानिन्छन् । पूर्व-पश्चिम राजमार्ग आसपासका उत्तरी क्षेत्रका हजारौँ किसानले व्यावसायिक रूपमा आँप खेती गर्दै आएका छन् भने मधेसको दक्षिणी भेगमा अझै पनि परम्परागत रूपमा आँप उत्पादन हुँदै आएको छ । मधेस प्रदेशमा उत्पादन हुने आँपको माग देशका प्रमुख सहरहरू काठमाडौँ, पोखरा लगायतका बजारमा अत्यधिक छ । यही कारणले फूल लाग्नेबित्तिकै व्यापारीहरूले बगैंचा नै ठेक्कामा लिने गरेको स्थानीय किसान बताउँछन् । कृषि सम्बन्धी एक तथ्याङ्क अनुसार देशभर करिब ४२ हजार ७ सय ७३ हेक्टर क्षेत्रफलमा आँप खेती हुने गरेको छ, जसमध्ये मधेस प्रदेशमा मात्र करिब २९ हजार ९९ हेक्टर क्षेत्रफलमा आँप खेती गरिन्छ । कृषि ज्ञान केन्द्रका अनुसार सबैभन्दा बढी सिराहा जिल्लामा १ लाख ४ हजार ६७६ मेट्रिक टन आँप उत्पादन हुने गरेको छ भने सबैभन्दा कम पर्सामा ४ हजार ७३१ मेट्रिक टन उत्पादन हुने गरेको छ । कुल उत्पादनको करिब ७७.१ प्रतिशत आँप मधेस प्रदेशमै फल्ने गरेको तथ्याङ्कले देखाउँछ । आँपमा लाग्ने रोग तथा किराको जोखिम भने कायम छ । कृषि ज्ञान केन्द्र धनुषाका प्रमुख रामचन्द्र यादवका अनुसार आँपको फूल झर्ने समस्या मधुवा लगायतका किराका कारण बढी देखिन्छ । त्यसैले फूल लाग्नुभन्दा अघि र साना दाना देखिन थालेपछि उचित समयमा औषधि प्रयोग गर्न आवश्यक हुने उनले बताए । धनुषा जिल्लामा धनुषा नगरपालिका, मिथिला नगरपालिका, क्षिरेश्वरनाथ नगरपालिका, चारनाथ नगरपालिका लगायतका क्षेत्रलाई आँप उत्पादनको 'पकेट एरिया' मानिन्छ । बटेश्वर क्षेत्रमा त हरेक वर्ष आँप मेलासमेत आयोजना हुने गरेको छ । धनुषाको नारायण नगरपालिका-५ का किसान ज्योति झाले यस वर्ष आँपको फूल निकै राम्रो लागेको बताए । उनले भने, 'यसपालि फूल धेरै लागेको छ । तर झर्ने सम्भावना पनि हुन्छ । यदि मौसम अनुकूल रह्यो भने विगतभन्दा धेरै उत्पादन हुनेमा हामी विश्वस्त छौँ ।' महोत्तरीस्थित मटिहानी नगरपालिका-३ का रहमान कवारीले पछिल्लो वर्षको तुलनामा यस वर्ष आपको फूल राम्रो लागेको बताए । उत्पादन भएको आँप बजारमा उचित पहुँच नभएका कारण सड्ने डरले सस्तोमा बेच्नु पर्दै आएको विगतको अनुभव सुनाउँदै उनले बजार व्यवस्थापनमा राज्यबाट सहयोगको अपेक्षा गरे । कृषि विज्ञहरूका अनुसार समयमै रोग नियन्त्रण, उचित स्याहार र अनुकूल मौसम भए यस वर्ष मधेस प्रदेशमा आँप उत्पादन उल्लेख्य रूपमा बढ्ने अपेक्षा गरिएको छ ।

*-रातोपाटी डटकम*

# मेसिनबाट धान रोपाइँमा किसानको आकर्षण



चितवनमा यतिबेला चैते धान रोपाइँको चटारो छ । यहाँ पछिल्ला वर्षमा परम्परागत रूपमा रोपाहारको सट्टा मेसिनको प्रयोग बढ्दै गएको छ । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत कार्यक्रम कार्यान्वयन एकाइ चितवनमार्फत धान रोप्ने आधुनिक मेसिन प्रयोगमा आएपछि चैते धान रोपाइँमा यान्त्रिकीकरण बढ्दै गएको कार्यालयले जनाएको छ ।

कार्यालयका कृषि अधिकृत काशीराम पाण्डेले सुरुआतीमा मेसिनको महत्त्वबारे बुझाउन र प्रयोग सिकाउन केही कठिनाइ भए पनि हाले किसान आफैँले मेसिन खोज्न थालेका बताए । "सुरुका वर्षमा कर्मचारीले खेतमै गएर बीउ राख्ने तरिका र मेसिनबाट रोपाइँ गर्ने विधिबारे सिकाउन्थे । हाल धेरै किसानले सिकिसकेका छन् र मेसिनको माग पनि बढ्दै गएको छ", उनले भने । मेसिन प्रयोग गर्दा कम लागतमा बढी उत्पादन हुने भएकाले किसानहरू आकर्षित हुँदै गएको पाण्डेले बताए । "उत्पादन बढाएर लागत घटाउन कृषिमा यान्त्रिकीकरण बढाउनैपर्छ," उनले भने,"खेतीमा यान्त्रिकीकरण भए उत्पादन लागत झण्डै ३० देखि प्रतिशतसम्म घटाउन सकिन्छ ।" भरतपुर महानगरपालिका-६ देवनगरका किसान प्रकाश श्रेष्ठले यस वर्ष पहिलोपटक चार बिघा क्षेत्रफलमा मेसिनबाट र दुई बिघामा परम्परागत रूपमा रोपाइँ गरिरहेको जानकारी दिए । "मेसिनले रोप्दा ज्याला कम लाग्दो रहेछ । उत्पादन कति हुन्छ हेर्न बाँकी नै छ", उनले भने । श्रेष्ठका अनुसार मेसिनबाट प्लास्टिक ट्रेमा राखेर फरक तरिकाले बेर्ना तयार गर्नुपर्ने हुन्छ । सामाजिक सञ्जालमा मेसिनबाट धान रोपेको देखेपछि आफूले जानकारी लिएर प्रयोग सुरु गरेको उनले सुनाए । कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत ५० प्रतिशत अनुदानमा देवनगरस्थित उन्नत बीउविजन केन्द्रलाई धान रोप्ने मेसिन उपलब्ध गराइएपछि त्यहाँका किसान यस प्रविधितर्फ आकर्षित भएको कृषि अधिकृत पाण्डेले बताए । उनका अनुसार गत आर्थिक वर्षमा जिल्लाभर करिब ३०० हेक्टर क्षेत्रफलमा मेसिनबाट चैते धान रोपिएको थियो भने यसवर्ष थप ९८ हेक्टर क्षेत्रफलमा विस्तार भएको छ । "मेसिनबाट धान रोप्दा बीउ कम लाग्छ, ज्याला खर्च घट्छ र उत्पादन पनि बढ्छ", पाण्डेले भने,"एक कठ्ठा क्षेत्रफलमा परम्परागत तरिकाले रोप्दा करिब दुई किलो बीउ लाग्ने भए पनि मेसिन प्रयोग गर्दा करिब ५०० ग्राम बीउले पुग्छ ।"

चितवनमा आव २०७७/७८ देखि चारपाङ्गे मेसिनबाट धान रोपाइँ सुरु गरिएको थियो । हाल जिल्लामा १३ वटा मेसिन सञ्चालनमा छन् । यस वर्ष मात्र किसानलाई छ वटा मेसिन खरिद गर्न ५० प्रतिशत अनुदान उपलब्ध गराइएको कार्यालयले जनाएको छ । चितवनमा वार्षिक रूपमा करिब नौ हजार हेक्टर क्षेत्रफलमा चैते धानखेती हुने गरेको छ । जिल्लामा चैतेधान प्रवर्द्धन कार्यक्रम लागू भएपछि धान जोनको कमाण्ड क्षेत्र बाहिरका किसान पनि मेसिनबाट प्रत्यक्ष रूपमा लाभान्वित भएको अधिकृत पाण्डेले बताए ।


*-रासस*

# गहुँको समर्थन मूल्य तोक्न उद्योग मन्त्रालयसमक्ष कृषिको प्रस्ताव



कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यस वर्ष गहुँको समर्थन मूल्य तोक्न सम्पूर्ण प्रक्रिया पूरा गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा प्रस्ताव पठाएको छ । किसानलाई उचित मूल्य सुनिश्चित गर्न मन्त्रालयले कृषि विभागमार्फत विभिन्न १० जिल्लामा स्थलगत अध्ययन गरी प्रतिवेदन तयार पारेको थियो । विभागले अध्ययनका क्रममा गहुँ उत्पादनमा लाग्ने खर्च तथा बीउ, मल, श्रम, मुद्रास्फीति र बजार मूल्यको विश्लेषण गरी उत्पादनलागत आधारमा न्यूनतम समर्थन मूल्यको प्रस्ताव गरेको थियो । विभागको टोलीले स्थलगत अध्ययन गरेपछि वैज्ञानिक मूल्य निर्धारणका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाइएको सिफारिसका आधारमा थप छलफलका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग समन्वय गर्ने अभ्यास रहेको कृषि विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेलले जानकारी दिए । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्नेछ । गत आर्थिक वर्ष २०८१/८२ मा प्रतिक्विन्टल रु तीन हजार ८६७ गहुँको समर्थन मूल्य तोकिएको थियो । आर्थिक वर्ष २०८०/८१ मा प्रतिक्विन्टल रु तीन हजार ६५० गहुँको समर्थन मूल्य थियो । आर्थिक वर्ष २०७९/८० मा रु तीन हजार ३५१ मूल्य कायम गरिएको थियो । प्रत्येक वर्ष केही रकम बढाएर मूल्य निर्धारण गरिन्छ । सम्पूर्ण प्रक्रिया पूरा भएपछि मन्त्रिपरिषद् बैठकले मूल्य तोक्ने छ । यसरी तोकिएको मूल्य आधिकारिक रूपमा सार्वजनिक गरिने मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिए । सरकारले तोकेको मूल्यमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत गहुँ खरिद हुने जनाइएको छ । *-रासस*

# सुक्खा मौसममा पनि बढ्यो दूध उत्पादन



तनहुँ व्यास नगरपालिका-१३ बेलबासका पशुपालन गर्दै आएका किसानले सुक्खा मौसममा पनि दूध उत्पादनमा वृद्धि गरेका छन् । दूधबाट राम्रै आम्दानी हुने देखेपछि यहाँका किसानले उत्साहित भएर गाईको सङ्ख्या थप्दै गएका छन् । बेलबास दुग्ध उत्पादक सहकारी संस्थामा आबद्ध एक सय ६१ मध्ये ४५ किसान व्यावसायिक रुपमा पशुपालनमा आवद्ध भएका छन् । यसअघि दैनिक एक हजार छ सय लिटर दूध बिक्री हुँदै आएकामा अहिले एक हजार सात सय लिटर दूध सङ्कलन भइरहेको संस्थाका व्यवस्थापक श्रीप्रसाद साँखीले जानकारी दिएका छन्। "अहिलेको सुक्खायाममा दूध उत्पादन घट्नुपर्ने तर वृद्धि हुँदै गएको छ," उनले भने, "मासिक १५ हजारदेखि दुई लाखसम्म आम्दानी हुने गरेको छ ।" उत्पादित दूध बेलबास दुग्ध उत्पादक सहकारी संस्थामार्फत दमौली र पोखराको सुजल डेरी प्रालिमा बिक्री गर्ने गरिएको छ । उत्पादन गरिएको दूध बिक्रीका लागि बजारको कुनै समस्या नभएपछि यहाँका किसान पशुपालनतर्फ आकर्षति भएका व्यवस्थापक साँखीको भनाइ छ । दमौली बजारमा सञ्चालनमा ल्याएको दुई पसलबाट दैनिक ७०० लिटर दूध खपत हुने गरेको छ, भने एक दिन बिराएर सुजल डेरीले दुई हजार लिटर दूध पोखरा लैजाने गरेको संस्थाका सचिव मेघनाथ आचार्यले बताए । उनले भने, "दूध उत्पादन गर्नुका साथै पशुपालन गर्न चाहने किसानका लागि थप उत्प्रेरण जगाउने कार्य गरेको आभास भएको छ ।" यस क्षेत्रका पशुपालन गर्ने किसानले अन्य व्यक्तिका लागि पनि परिश्रम गर्न सकिए केही हुँदोरहेछ भन्ने गतिलो सन्देश दिएका छन् । दूध बिक्रीबाट आएको पैसाले लेनदेन व्यवहारका साथै दैनिक घरखर्च चलाउन सजिलो भएको पशुपालक किसान बताउँछन् । किसानको खरिद मूल्यअनुरुप अहिले दैनिक रु एक लाख ३४ हजारको दूध सङ्कलन हुने गरेको छ । उनीहरूले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाटप्रति लिटर रु तीन र व्यास नगरपालिकाबाट रु दुई अनुदान सहकारीमार्फत पाउने गरेका छन् ।

व्यावसायिक रुपमा पशुपालन गर्ने किसानलाई राज्यले प्रोत्साहन गर्न दाना, चोकरको महँगी नियन्त्रण र उत्पादनका आधारमा अनुदानलाई प्राथमिकता दिन सके अझै प्रभावकारी हुन सक्ने संस्थाका अध्यक्ष केशवबहादुर थापाले बताए । गाउँमै दुग्ध सङ्कलन केन्द्र रहेकाले किसानले दैनिक बिहान र बेलुका उत्पादन गरेको दूध बिक्री गर्न सहज भएको छ । नगरपालिकाले किसानलाई प्रोत्साहन गर्न उत्पादनका आधारमा अनुदान प्रदान गर्दै आएको वडाध्यक्ष वसन्तबहादुर आलेले बताए । *-रासस*

# दादुरा प्रभावित ढोरपाटनमा चार हजार ६१७ जनाले खोप लगाए



**बागलुङ (गलकोट),** फागुन ३०/ बागलुङको ढोरपाटन नगरपालिकामा फैलिएको दादुरा नियन्त्रणका खोप लगाइएको छ । नगरका नौवटै वडामा एकसाथ शुक्रबार चार हजार ६१७ बालबालिका र किशोरकिशोरीलाई खोप लगाइएको छ ।

आवश्यक खोप र जनशक्ति दादुरा प्रभावित क्षेत्रका विद्यालय र स्वास्थ्य संस्थामा पुगेर शुक्रबार खोप लगाइएको हो । ढोरपाटनको विकट गाउँमा महामारीको रूपमा फैलिएको दादुरा प्रकोप नियन्त्रणका लागि ढोरपाटन नगरपालिका भरका छ हजार ७६३ बालबालिका र किशोरकिशोरीलाई खोप लगाउने लक्ष्यअनुसार पहिलो दिन नै चार हजार ६१७ जनालाई खोप लगाइएको छ । छुटेका बालबालिका र किशोरकिशोरीलाई पुन: विद्यालय र विद्यालय नजानेलाई घरमा र स्वास्थ्य संस्थामा पुगेर खोप लगाइने छ । बागलुङको ढोरपाटन नगरपालिका वडा नम्बर ७, ८ र ९ को बोबाङ, सेराबाङ र लाकुरीबोट गाउँमा दादुरा रोगका शङ्कास्पद ७४ जना बिरामी फेला परेका थिए । जसमध्ये ३२ जना भर्ना भएर उपचार भइसकेको छ । सात जना बालबालिका अझै उपचाररत रहेका छन् । दादुरा नियन्त्रणका लागि ढोरपाटन नगरपालिका-८ बोबाङ स्वास्थ्यचौकीमा आइसोलेसन तयार गरेर उपचार समेत भइरहेको प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख प्रविण शर्माले जानकारी दिए । तत्काललाई दादुरा नियन्त्रण गरी थप फैलन नदिनका लागि नगरपालिकाका सबै वडाका १० देखि १९ वर्ष उमेर समूहका किशोरकिशोरीलाई दादुराको खोप प्रदान गरिएको हो । यस्तै उपचारमा संलग्न रहेका २३७ स्वास्थ्यकर्मीलाई समेत दादुराविरुद्धको खोप लगाइने छ । खोप अभियान चैत १ गतेसम्म सञ्चालन गरिने छ । जसका लागि अपुग स्वास्थ्यकर्मी छिमेकी गाउँपालिका बडिगाड र निसीखोलाबाट समेत झिकाइएको छ ।

अभियानमा महिला स्वास्थ्य स्वयंसेविकाले समेत सघाएका थिए । फागुन ८ गते ढोरपाटनमा एक जनालाई दादुरा सङ्क्रमण भएको पुष्टि भएको थियो । त्यसयता थप पाँच जनामा सङ्क्रमण पुष्टि भए पनि अन्यलाई लक्ष्यण देखिएकाले नियन्त्रणका लागि खोप लगाइएको हो । दादुरा सङ्क्रमण नियन्त्रणका लागि खोप नै सबैभन्दा उत्तम उपाय भन्दै ढोरपाटनका १० देखि १९ वर्ष उमेर समूहका सबैलाई खोप लगाइने छ ।

## खेलकुद समाचार

# हाफ म्याराथनमा सन्तोषी श्रेष्ठ पहिलो



**काठमाडौं,** फागुन ३०/महिला सशक्तीकरण तथा स्तन क्यान्सरसम्बन्धी सचेतना अभिवृद्धि गर्ने उद्देश्यसहितको काठमाण्डौ पिंक केयराथन आज ललितपुरको जावलाखेलमा रहेको फुटबल मैदानमा सम्पन्न भएको छ । लेजरपोर्ट नेपालको आयोजनामा भएको दौड प्रतियोगिताको २१.१ किलोमिटर हाफ म्याराथनतर्फ सन्तोषी श्रेष्ठ पहिलो भएकी छन् । यस्तै, राज्यलक्ष्मी रावल दोस्रो र सरस्वती भट्टराई तेस्रो भएकी छन् । बिहान ६ बजे जुम्बा सत्रबाट शुरू भई त्यसपछि विभिन्न दूरीका दौड प्रतियोगिता सञ्चालन गरिएको थियो । कार्यक्रममा २१.१ किलोमिटर हाफ म्याराथन, १० किलोमिटर दौड तथा ५ र ३ किलोमिटरका फन रन समावेश गरिएको थियो । दश किलोमिटर दौडतर्फ निर्मला केसी पहिलो, आशा राउत दोस्रो र सुमित्रा चौधरी तेस्रो भइन् । हाफ म्याराथनका विजेतालाई ५१ हजार, उपविजेतालाई ३१ हजार र तेश्रो हुनेलाई २१ हजार नगद पुरस्कार प्रदान गरिएको संस्थाका अध्यक्ष नमराज जोशीले बताए । त्यसैगरी १० किलोमिटर दौडका विजेतालाई ३१ हजार, उपविजेतालाई २१ हजार र तेश्रो हुनेलाई ११ हजार नगद पुरस्कारसहित विभिन्न उपहार प्रदान गरिएको आयोजकले जनाएको छ । अध्यक्ष जोशीका अनुसार सन् २०१७ देखि निरन्तर आयोजना हुँदै आएको कार्यक्रममा यस वर्ष १ हजारभन्दा बढीको सहभागिता रहेको छ ।

## अर्थ/कर्पोरेट समाचार

# पेट्रोलमा इथानोल मिसाउने नयाँ नीति लागू



**पाल्पा,** फागुन ३०/सरकारले पेट्रोलमा इथानोल मिसाएर प्रयोगमा ल्याउने नयाँ नीति कार्यान्वयनमा ल्याएको छ । मन्त्रिपरिषद्ले जारी गरेको 'पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउनेसम्बन्धी आदेश, २०८२' शुक्रबार राजपत्रमा प्रकाशित भएको हो ।

यो नीतिमार्फत स्वदेशी कच्चापदार्थमा आधारित उद्योग प्रवर्द्धन, रोजगारी सिर्जना र ऊर्जा क्षेत्रमा आयात निर्भरता घटाउने सरकारको लक्ष्य रहेको छ । आदेशअनुसार नेपाल आयल निगमले पेट्रोलमा अधिकतम १० प्रतिशतसम्म इथानोल मिश्रण गर्नुपर्नेछ । इथानोल उत्पादनका लागि मोलासेस, नेपियर घाँस, पराल, मकैको ढोड र सिमल तरुल जस्ता कच्चापदार्थ प्रयोग गर्न पाइनेछ । तर खाद्यान्नको दुरुपयोग रोक्न खानयोग्य अन्न भने इथानोल उत्पादनमा प्रयोग गर्न नपाइने व्यवस्था गरिएको छ । उद्योगहरूले उत्पादन गरेको इथानोल नेपाल आयल निगमलाई मात्र बिक्री गर्नुपर्नेछ र गुणस्तर मापदण्ड पनि कडाइका साथ पालना गर्नुपर्नेछ ।

इथानोलको मूल्य निर्धारण हरेक आर्थिक वर्ष शुरू हुनुअघि सरकारी सिफारिस समितिको सुझावमा हुने र हरेक वर्ष साउन १ गतेदेखि लागू हुनेछ । यो नीतिको कार्यान्वयनबाट कृषि अवशेष र जैविक स्रोतको उपयोग बढ्ने, नयाँ उद्योग स्थापना हुने र ग्रामीण क्षेत्रमा रोजगारीका अवसर सिर्जना हुने अपेक्षा छ ।

### कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

# विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुने गरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ७००/- |

### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

**कैलाशनगर मिडिया प्रा.लि.**

ता.न.पा.-५, कैलाशनगर पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई